# सिद्धार्थ बैंक लिमिटेडको
# पच्चीसौं वार्षिक साधारण सभाको
# कामकारवाहीको विवरण (माइन्यूट)

## १. सभाको काम कारवाही:

मिति २०८३ साल आश्विन २८ गते, बुधबार (तद्नुसार १४ अक्टोबर, २०२६) का दिन सिद्धार्थ बैंक लिमिटेडको पच्चीसौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री राहुल अग्रवालज्यूको अध्यक्षतामा कम्पनी ऐन, २०६३ बमोजिम सम्पन्न भयो । बैंकको पच्चीसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट) देहाय बमोजिम रहेको छ ।

## २. सभाको मिति, समय र स्थान:

| | |
|---|---|
| मिति | : २०८३ साल आश्विन २८ गते, बुधबार (तद्नुसार १४ अक्टोबर, २०२६) । |
| स्थान | : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं । |
| समय | : बिहान ९:०० बजे |

## ३. सभाको सूचना र सूचना प्रकाशन मिति:

मिति २०८३ साल आश्विन ०५ गते (तद्अनुसार २१ सेप्टेम्बर, २०२६) मा बसेको सञ्चालक समितिको ४८३औं बैठकको निर्णयानुसार आह्वान गरिएको बैंकको पच्चीसौं वार्षिक साधारण सभाको लागि बैंकको प्रचलित नियमावली तथा कम्पनी ऐन, २०६३ बमोजिम पच्चीसौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयसूची समेत राखी मिति २०८३ आश्विन ०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा मिति २०८३ आश्विन १९ गतेको नागरिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

## ४. सभामा उपस्थिति:

### ४.१. सञ्चालकहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १. | श्री राहुल अग्रवाल | अध्यक्ष |
| २. | श्री बिरेन्द्र कुमार शाह | सञ्चालक |
| ३. | श्री अंकित केडिया | सञ्चालक |
| ४. | श्री भोजन अर्याल | सञ्चालक |
| ५. | श्री कमला वाग्ले | स्वतन्त्र सञ्चालक |



SiddharthaBank

४.२. पर्यवेक्षकको उपस्थिति:

१. श्री संन्दिप कार्की, प्रमुख कार्यकारी अधिकृत- सिद्धार्थ क्यापिटल लि.
२. श्री बि.के.अग्रवाल, साझेदार-बाह्य लेखापरीक्षक, बि.के. अग्रवाल एण्ड कम्पनी, चार्टड एकाउण्टेण्ट्स
३. श्री विरु रावत, प्रतिनिधि- कम्पनी रजिष्ट्रारको कार्यालय

४.३. पदाधिकारीहरुको उपस्थिती:

| | | |
|---|---|---|
| १. | श्री रामेश्वर प्रसाद बस्याल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री अर्जुन भद्र खनाल | प्रमुख-क्रेडिट अन्डरराइटिङ अधिकारी |
| ३. | श्री सृजन कृष्ण मल्ल | प्रमुख-सुचना प्रविधि अधिकारी |
| ४. | श्री सुरेश राज महर्जन | प्रमुख-मार्केटिङ अधिकारी |
| ५. | श्री प्रशन्न खड्का | प्रमुख-कर्पोरेट बैकिङ अधिकारी |
| ६. | श्री मनोहर के.सी. | प्रमुख- रिटेल बैकिङ अधिकारी |
| ७. | श्री प्रदिप पन्त | प्रमुख- एम.एस.एम.इ. बैकिङ अधिकारी |
| ८. | श्री ईरा प्रधान | प्रमुख-एकीकृत जोखिम व्यवस्थापन विभाग |
| ९. | श्री पंकज पन्त | प्रमुख-मानव संशाधन विभाग |
| १०. | श्री लक्ष्मण घिमिरे | कम्पनी सचिव |
| ११ | श्री निराकार बहादुर सिंह | प्रमुख-आन्तरिक लेखापरीक्षण विभाग |
| १२. | श्री प्रमेश श्रेष्ठ | प्रमुख- रणनीति तथा वित्त |
| १३. | श्री दिपेन्द्र पौडेल | प्रबन्धक-समान्य प्रशासन विभाग |
| १४. | श्री नर बहादुर रावल | प्रबन्धक-केन्द्रीय कर्जा असुली विभाग |

५. सभाको गणपुरक संख्या: (साधारण शेयर तर्फ)

| कुल शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी | | जम्मा उपस्थित शेयरधनी | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधी मार्फत | | |
| १४,७९,४४,७९२ | ८,१३,८३,३०५ | १,०५५ | १२० | १,१७५ | ५५.१० |

६. सभाको विषयसूची तथा प्रस्तावहरु:

(क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको पच्चीसौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०८२ श्रावण १ देखि २०८३ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, स्वपूँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।



SiddharthaBank

३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लिमिटेड" को आ.व.२०८२/८३ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८३/८४ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको अविमोच्य असञ्चिति अग्राधिकार शेयरधनीहरुलाई बैंकको अग्राधिकार शेयरतर्फको चुक्ता पूँजी रु. ३,५०,००,००,०००/- (अक्षरेपी तीन अर्ब पचास करोड मात्र) को ८.२५ प्रतिशतका दरले हुने रकम रु. १०,७५,८९,०४१/-(अक्षरेपी दश करोड पचहत्तर लाख उनान्नब्बे हजार एकचालिस रुपैंया मात्र) नगद लाभांश (कर प्रयोजनका लागि समेत) शेयर बाँडफाँड भएको मिति देखि आषाढ मसान्त, २०८३ सम्मको लागि समानुपातिक रुपमा (१३६ दिनको) वितरण गर्न स्वीकृत गर्ने ।

६. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ आषाढ मसान्तमा कायम रहेको वितरणयोग्य मुनाफाबाट साधारण शेयरधनीहरुलाई बैंकको साधारण शेयरतर्फको चुक्ता पूँजी रु. १४,७९,४४,७९,१९५/- (अक्षरेपी चौध अर्ब उनानअसी करोड चौवालीस लाख उनानअसी हजार एक सय पन्चानब्बे रुपैंया मात्र) को १० प्रतिशतका दरले हुने १,४७,९४,४७,९२०/- (एक अर्ब सड्चालिस करोड चौरानब्बे लाख सड्चालिस हजार नौ सय बिस रुपैंया मात्र) नगद लाभांश (बोनस शेयर र नगद लाभांशको कर प्रयोजनका लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।

(ख) **विशेष प्रस्ताव**

१. नेपाल राष्ट्र बैंकबाट मिति २०८२/१०/२८ मा प्राप्त निर्देशन बमोजिम गत वर्ष बैंकको जारी तथा चुक्ता पूँजीमा हेरफेर गर्ने गरी प्रबन्धपत्रमा भएको संशोधन सम्बन्धी व्यहोरा अनुमोदन गर्ने ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको साधारण शेयरधनीहरुलाई पूँजी समायोजन कोषमा रहेको रकमबाट साधारण शेयरतर्फको चुक्ता पूँजी रु. १४,७९,४४,७९,१९५/- (अक्षरेपी चौध अर्ब उनानअसी करोड चौवालीस लाख उनानअसी हजार एक सय पन्चानब्बे रुपैंया मात्र) को १० प्रतिशतका दरले हुने रु. १,४७,९४,४७,९२०/- (एक अर्ब सड्चालिस करोड चौरानब्बे लाख सड्चालिस हजार नौ सय बिस रुपैंया मात्र) बराबरको बोनस शेयर जारी गर्ने ।

३. बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/थप/परिमार्जन गर्ने ।

४. माथि प्रस्ताव गरिए बमोजिम प्रबन्धपत्र र नियमावलीमा संशोधन लगायत सोसँग सम्बन्धित कार्यहरु स्वीकृती र अभिलेखका क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतमा संशोधन/फेरबदल गर्न निर्देशन सुझाव प्राप्त भएमा सोही बमोजिम थपघट, परिमार्जन, संशोधन, भाषागत लगायतका अन्य सुधार समेत गर्नका लागि सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

५. बैंकले आ.व. २०८२/८३ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च कम्पनी ऐनको दफा १०५ (१) (ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

(ग) **विविध**



SiddharthaBank

७. **सभाको वैधानिकता:**

कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्धपत्र एवं नियमावली बमोजिम यो सभा आह्वान गरिएको र कम्पनी ऐन, २०६३ एवं बैकको प्रबन्धपत्र तथा नियमावलीको प्रावधान बमोजिम साधारण सभाको आवश्यक गणपूरक सँख्या बाँडफाँट भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये तीन (३) जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान भएको र बैंकको पच्चीसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कुल संख्या १,१७५ (प्रोक्सी समेत) एवं कुल शेयरको ५५.१० प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक रहेको व्यहोरा कम्पनी सचिवले सभाका अध्यक्षज्यू समक्ष प्रस्तुत गर्नुभयो ।

८. **सभाको सभापतित्व र सभा सञ्चालन:**

कम्पनी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम बैंकको सञ्चालक समितिका अध्यक्ष श्री राहुल अग्रवालज्यूले बैंकको पच्चीसौं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु भएको थियो । सभाको वैधानिकताबारे कम्पनी सचिवले जानकारी गराइसके पश्चात् अध्यक्षज्यूले सभाको कारवाही अघि बढाउनु भयो ।

९. **अध्यक्षज्यूबाट पच्चीसौं वार्षिक प्रतिवेदन प्रस्तुति:**

पच्चीसौं वार्षिक साधारण सभाको निर्धारित विषय सूची नं. १ मा समावेश गरिएको बैंकको सञ्चालक समितिको प्रतिवेदन आ.व. २०८२/८३ को महत्वपूर्ण पक्ष समेटेर तयार गरिएको संक्षिप्त मन्तव्य सहित बैठकको अध्यक्षता गरिरहनु भएका सञ्चालक समितिका अध्यक्ष श्री राहुल अग्रवालज्यूले आफ्नो मन्तव्य राख्नु भयो ।

यस अवसरमा आर्थिक वर्ष २०८२/८३ मा बैंकद्वारा सञ्चालन गरिएका संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रम तथा उपलब्धिहरु समेटिएको वृत्तचित्र समेत सभामा प्रस्तुत गरियो ।

१०. **छलफलको लागि आह्वान:**

मन्तव्य एवं वृत्तचित्र प्रस्तुतीकरण पश्चात् सभा अध्यक्षज्यूले आ.व. २०८२/८३ को सञ्चालक समितिको प्रतिवेदन लगायत वित्तीय अवस्थाको विवरण तथा नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी अनुसूचीहरुमा छलफलका लागि सभामा पेश गर्नु भयो ।

सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत भइसके पश्चात् अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए छलफलको विषयसूची अनुसार आफ्नो विचार एवं मन्तव्य राखिदिनुहुन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन लगायत वित्तीय अवस्थाको विवरण तथा नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी अनुसूचीहरुमा छलफल गर्न आह्वान गर्नुभई सो सम्बन्धी कारवाही अघि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो । तद्अनुरुप कम्पनी सचिवले छलफलमा सहभागी हुन इच्छुक शेयरधनी वक्ताहरुलाई मन्तव्यका लागि आमन्त्रण गर्नुभएको थियो । यस क्रममा निम्न लिखित शेयरधनी महानुभावहरुले आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो ।



SiddharthaBank

**छलफलमा सहभागी भई सुझाव दिनुहुने शेयरधनी महानुभावहरुको नाम:**

१. श्री लवराज जोशी, २. श्री उत्तम पाठक, ३. श्री भेषराज भण्डारी, ४. श्री उत्तम दत्त पाण्डे, ५. श्री व्यास कुमार शर्मा, ६. श्री भक्ति प्रसाद उप्रेती, ७. श्री चन्द्र नारायण श्रेष्ठ, ८. श्री युगल बसेल, ९. श्री अंगराज भारती, १०. श्री बिरोचन श्रेष्ठ, ११. श्री ध्रुवराज न्यौपाने, १२. श्री उत्सव सुन्दर श्रेष्ठ ।

**लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरुको नाम: :**

१. श्री दामोदर प्रसाद रेग्मी, २. श्री दिवाकर खड्का, ३. श्री गुणराज भट्ट, ४. श्री ब्रम्हदेव शाक्य, ५. श्री सुरेन्द्र चिमौरिया, ६. श्री जगन्नाथ आचार्य, ७. श्री बलराम कोइराला, ८. श्री बैजुनाथ रौनियार, ९. डा. रामजी प्रसाद पण्डित, १०. श्री लक्ष्मण बहादुर श्रेष्ठ, ११. श्री सुदिप श्रेष्ठ १२. श्री नरसिंहलाल चंखू ।

**छलफलमा सहभागी तथा लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश:**

- पहिलो त्रैमासमै साधारण सभा गर्नु भएकोमा धन्यवाद ।
- प्रस्तावित १० प्रतिशत बोनस शेयर तथा १० प्रतिशत नगद लाभांशसहित कुल २० प्रतिशत लाभांश वितरणको प्रशंसा गर्दै आगामी वर्षहरूमा पनि लाभांश वितरणको निरन्तरता कायम राख्न सुझाव दिनुभयो ।
- वाणिज्य बैंकहरु मध्ये हाल सम्म प्रस्तावित लाभांश मध्ये उत्कृष्ट एवं बैंककै ७ वर्षे इतिहासमा पहिलो पटक २०% लाभांश प्रस्ताव गर्नु भएकोमा सम्पूर्ण बैंक परिवारलाई बधाई छ ।
- जस्तो सुकै विषम परिस्थितिमा पनि बैंकले लाभांश दिई नै रहेकोमा बैंकलाई धन्यवाद ।
- लाभांश वितरण विशेष साधारण सभा गरी समेत दिन सकिने हुँदा मनन गर्नु होला ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा र स्वास्थ लगायतका शिर्षकहरुमा भएको खर्च सम्बन्धी जानकारी वृत्तचित्र मार्फत प्रस्तुत गरेको अत्यन्त प्रशंसनीय रहेको छ ।
- शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधार जस्ता संस्थागत सामाजिक उत्तरदायित्व अन्तगर्त बैंकले खर्च गरेको छ, यसलाई निरन्तरता दिँदै जानु होला । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको कर्णालीमा गर्नु भएको खर्च सह्रानीय छ, यसलाई निरन्तरता दिनु होला ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्दा सुस्त, अपांग र दुष्टिविहीनले पनि महसुस गर्ने गरी खर्च गर्नुहोला र सबै क्षेत्र समेट्नु होला ।
- निष्क्रिय कर्जा नियन्त्रण, कर्जा असुली तथा गैर बैंकिङ सम्पत्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आग्रह गर्नुभयो ।
- गुणस्तरीय कर्जा विस्तार, जोखिमयुक्त कर्जा न्यूनीकरण तथा Risk–Based Lending मा जोड दिन सुझाव दिनुभयो ।
- कर्जा अपलेखन शुन्य छ, जुन तारिफयोग्य छ ।
- यस्तो विषम परिस्थितिका बाबजुत पनि बैंकले आफ्नो कुशल सम्पत्ति दायित्व व्यवस्थापन गर्न सफल भई आफ्नो कार्यदक्षता प्रमाणित गरेको छ ।



SiddharthaBank

- यस्तो शिथिल अर्थतन्त्रका बाबजुत पनि प्रति शेयर आम्दानी, खुद मुनाफा, जगेडा कोष, नेटवर्थ प्रति शेयर राम्रो रहेको र बैंकको शेयरको बजारमूल्य अन्य समकालिन बैंकको भन्दा बढी रहेको छ, आगामी दिनहरुमा पनि यस्तो अवस्था रहिरहोस् ।
- ब्याज आम्दानी, मुनाफा, सञ्चालन मुनाफामा वृद्धि भएको, वितरण योग्य नाफा र वासलातमा समेत वृद्धि भई दिर्घकालिन लाभांश नियमित हुने देखिन्छ ।
- Fees and Commission आम्दानी बढेकोले ब्याज आम्दानीको निर्भरता घट्दै गएको छ ।
- विषम परिस्थितिमा नाफा, निक्षेप र पूँजी प्रयाप्तता सुधार गरी स्थिर र जिम्मेवार बैंक भएकोमा खुसी छौं ।
- बैंकको विकास एकदम राम्रो छ । ब्याज आम्दानी र गैर ब्याज आम्दानीको प्रगती प्रसंशायोग्य छ । बैंक किफायती खर्चमा चल्ने बैंक भित्र पर्दछ ।
- CD Ratio, Spread Rate तथा Fee and Commission Income वृद्धि गरी बैंकको आय स्रोत विविधीकरण गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । CD Ratio ले कारोबार बढाउन अवसर दिएको छ, यसको भरपुर प्रयोग गरेर कर्जा बढाउने तर्फ अग्रसर हुनु पर्ने ।
- Cost of Fund घटी पूँजी प्रयाप्तता अनुपात बढेकोले कर्जा विस्तारको बलियो आधार रहेकोले त्यस तर्फ ध्यान दिनु पर्ने ।
- जगेडा तथा बचत कोष एकदम राम्रो रहेको, बैकको वित्तिय सूचकहरुले बैंक सकारात्मक दिशातर्फ बढेको देखिन्छ ।
- सबैं सूचकहरु राम्रा छन्, कर्जा विस्तार १०% ले र ब्याज आम्दानी ७% ले वृद्धि भएको छ ।
- सञ्चालन आम्दानीको ४२.५% मात्र सञ्चालन खर्चमा भएको, जुन उत्तम कार्य कौशलताको द्योतक हो ।
- आम्दानी घटेपनि नाफा बढेको छ । आम्दानीमा कुल व्यवस्थापन खर्च अन्य बैंक भन्दा कम छ, कर्मचारी खर्च पनि अन्य बैंक भन्दा कम रहेको देखिन्छ ।
- लागत घटेको छ, वित्तिय आम्दानी अन्य बैंक भन्दा बढेको छ । यसरी हरेक कोणबाट सबल एवं दिगो विकास गरी बैंक अगाडी बढेको छ ।
- मनोरञ्जन शिर्षकमा अन्य बैंकहरुको जस्तो खर्च नरहेको, यस बैंकको एक सबल पक्ष हो ।
- खुद मुनाफा थप वृद्धि गर्नु पर्ने ।
- योग्य र सक्षम व्यक्ति बैंक भित्रैबाट बढुवा गरेर प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी दिनु एकदम राम्रो चलन भएकोमा सञ्चालक समितिलाई धन्यवाद । नवनियुक्त प्रमुख कार्यकारी अधिकृतज्यूलाई शुभकामना ।
- कर्मचारी क्षमता विकास, तालिम तथा नेतृत्व विकास कार्यक्रमलाई थप सशक्त बनाउन सुझाव दिनुभयो ।
- कर्मचारी खर्च अन्तर्गत व्यवस्थापकीय तहको खर्चमा मितव्ययीता अपनाउनु पर्ने ।
- डिजिटल अटोमेशनको भरपुर उपयोग गर्दै कर्मचारी संख्या घटाउँदै बैंकको खर्च घटाउनु पर्ने ।
- सञ्चालक समितिको दक्षता अभिवृद्धीमा थप मितव्ययिता अपनाउनु पर्ने देखिन्छ ।
- समग्रमा खर्च घटाउनु पर्ने तर्फ ध्यान दिनु होला ।
- ठुला रकमलाई अन्य शिर्षकमा नराखी, शिर्षक विभाजन गरेर राख्दा अन्यौलता हटी पारदर्शिता बढ्ने हुँदा राम्रो हुन्छ ।
- प्रतिवेदन उत्कृष्ट छ, अंकहरु देखाउँदा नेपाली मानक अनुसार राख्ने गरौं ।
- वार्षिक प्रतिवेदन समयमै बैंकको वेभसाइटमा राख्ने गरौं ।
- डिबेन्चर सम्बन्धी जानकारी राम्रो छ ।



SiddharthaBank

- बैंकको वासलात सानो भएको र कम्तिमा पनि ५ वर्ष १०% बोनश शेयर दिएर २० अर्बको बैंक बनाउन अग्रसर हुन शुभकामना व्यक्त गर्नु भयो ।
- राष्ट्र बैंकले शेयर बिक्री अवधी घटाएकोमा यसको भरपुर उपयोग गरी शेयर कारोबार बढाएर आम्दानी बढाउने तर्फ लाग्नु होला ।
- बचत खाता भन्दा मुद्दती खाता बढाउन अग्रसर हुनुहोस ।
- साना तथा मझौला कर्जा तथा हरित कर्जामा केन्द्रित भएर कार्य गर्नुपर्ने देखिन्छ ।
- बैंकको रणनीतिक उद्देश्यमा पारदर्शीता र डिजिटल प्रथम लाई जोड दिनु भएको छ, जुन अत्यन्तै राम्रो छ । साथै, Cyber Security मा पनि ध्यान दिदै अघि बढ्नु होला ।
- मुद्दा मामिला, व्यावसायिक तथा कानुनी खर्चमा मितव्ययीता अपनाउने पर्ने,
- शाखा संजाल बढाउन नहुने एवं गुणस्तरीय शाखा बनाउन जोड दिनु पर्ने,
- साधारणसभामा छलफलका लागि प्रस्तुत गरेको सम्पूर्ण प्रस्तावको समर्थन छ ।
- बैंकले उत्पादनशील क्षेत्रका केही शिर्षकहरुमा गरेको कर्जा प्रवाह रकम एवं खराब कर्जा नमिलेको देखिन्छ ।

११. **<u>छलफलका क्रममा उठेका विषयहरुको जवाफ:</u>**

- सञ्चालक समितिको प्रतिवेदन, बैंकको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन लगायत समग्र वित्तीय प्रतिवेदन उपर छलफलका क्रममा शेयरधनी महानुभावहरुले राखेको सुझाव, जिज्ञासा तथा टिप्पणी प्रति हार्दिक आभार व्यक्त गर्दै एवं धन्यवाद दिदैं वार्षिक साधारण सभाको समेत अध्यक्षता गरिरहनु भएका बैंकको सञ्चालक समितिका अध्यक्ष एवं बैंकका प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुले बैंकको वार्षिक प्रतिवेदन, वित्तीय अवस्था, नाफा नोक्सानको अवस्था, बैंकको क्रियाकलाप, बैकले गरेका राम्रा कार्य, बैंकले सुधार गर्नु पर्ने क्षेत्रहरु, अर्थतन्त्रमा देखिएको चुनौती र त्यसले बैंकको कार्य सम्पादनमा पार्न सक्ने असर लगायतका विषयमा राख्नु भएका प्रमुख जिज्ञासा, सल्लाह सुझाव एवं टिप्पणी उपर देहाय अनुसार जवाफ दिनु भयो ।
- बैंकको साधारण सभामा गरिमामय उपस्थिति जनाई विभिन्न शेयरधनी महानुभावले बैंकको प्रगति, उन्नतिको लागि वार्षिक प्रतिवेदनमा रहेका तथ्यहरु, देश र बैकिङ क्षेत्रको हालको वस्तुस्थिति समेतका सबै कुरालाई ध्यानमा राखेर गहन सुझावहरू दिनुभएको छ । सुझाव मार्फत हामीले गरेका राम्रा पक्षहरुको बारेमा र हामीले गर्नुपर्ने सुधारको पक्षका बारेमा हामीलाई ध्यानाकर्षण गराइदिनु भएकोमा यहाँहरू सबैलाई कृतज्ञता व्यक्त गर्न चाहन्छौं । कतिपय भाषागत गल्तीहरु पहिल्याई दिनुभएको छ, यसलाई आउँदा दिनहरुमा सुधार गर्दै जाने छौं ।
- आदरणीय शेयरधनी महानुभावहरुले विगतमा दिनु भएका अमूल्य सल्लाह तथा सुझावहरु अधिकांश कार्यान्वयन गरिसकिएको र केही कार्यान्वयनका विभिन्न चरणमा रहेको छ । यहाँहरुले यस साधारण सभामा दिनुभएका सुझावहरू सदाझै हाम्रा लागि अमूल्य निधि एवं मार्गदर्शन हुन् र आगामी दिनहरुमा यहाँहरुले दिनुभएका सल्लाह, सुझावहरुलाई अझ सुक्ष्म अध्ययन गरी सम्भाव्यताका आधारमा कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछौं ।
- निश्चित रुपले बैंकको निस्कृय कर्जा बढ्दै गएको अवस्था छ । घरजग्गा कारोबारमा आएको मन्दीको कारण बैंकले चाहँदा चाहँदै पनि अपेक्षित रुपमा खराब कर्जा असुलीमा कठिनाई भइरहेको छ, तथापी बैंकले हरसम्भव प्रयास गरिरहेको छ । निष्कृय कर्जा असुलीलाई बैंकले उच्च प्राथमिकतामा राखेको छ । आगामी दिनहरुमा पनि कर्जा नोक्सानी व्यवस्था लाई घटाउन यथेस्ट काम गर्दै वितरण योग्य नाफा बढाउनको लागि बैंकले कर्जा असुली प्रक्रियाहरुलाई चुस्त बनाउन उपयुक्त योजना र रणनीती बनाएर अघि बढ्ने छ । बैंकले अपलेखित कर्जा असुली प्रक्रियालाई निरन्तर चालु राख्नेछ । साथै, नयाँ कर्जाहरुलाई पनि सुक्ष्म अध्ययन गरेर सजगतासाथ लगानी गरिरहेको छ ।



SiddharthaBank

- बैंकले विगत केही वर्षदेखि विभिन्न प्रक्रियाहरूमा डिजिटल प्रविधि तथा अटोमेसनको प्रयोग विस्तार गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी, छरितो र लागत-दक्ष बनाउने प्रयास निरन्तर गरिरहेको छ । साथै, आवश्यकताअनुसार जनशक्ति व्यवस्थापन, सञ्चालन तथा प्रशासनिक खर्चको नियमित अनुगमन र नियन्त्रण, कागजरहित कार्यप्रणालीको विस्तार तथा प्रविधिमार्फत उत्पादकत्व अभिवृद्धिका उपायहरू अवलम्बन गर्दै आएको छ । कानुनी, व्यावसायिक तथा अन्य सञ्चालनसम्बन्धी खर्चहरूलाई समेत आवश्यक सीमाभित्र राख्न बैंक निरन्तर सचेत रहेको छ । तथापि, शेयरधनी महानुभावहरूबाट प्राप्त सुझावहरूको मर्मलाई आत्मसात गर्दै बैंकले आगामी दिनमा प्रविधिको थप प्रभावकारी उपयोग, कार्यप्रणालीमा निरन्तर सुधार, स्रोत-साधनको अधिकतम परिचालन तथा समग्र खर्च व्यवस्थापनमा अझ प्रभावकारी कदमहरू अवलम्बन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछौं ।
- बैंक व्यवस्थापनलाई प्रभावकारी रणनीतिक मार्गदर्शन तथा सुझाव प्रदान गर्न सक्षम बनाउन बैंकले सञ्चालकहरूलाई आवश्यक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस्ता कार्यक्रमहरूले बैंकको सुशासन तथा दीर्घकालीन रणनीतिक लक्ष्य हासिल गर्न योगदान पुऱ्याउने विश्वास लिइएको छ । साथै, शेयरधनी महानुभावहरूबाट प्राप्त सुझावलाई समेत मनन गर्दै यस्ता कार्यक्रमहरूलाई थप प्रभावकारी, परिणाममुखी र मितव्ययी ढंगले सञ्चालन गर्ने विषयमा बैंक सचेत रहेको छ ।
- बैंकको CD ratio ७६% को हारहारीमा छ, जुन कम नै हो, वर्तमान अवस्थामा बजारमा कर्जाको माग अत्यन्त न्यून छ, स्रोतको भरपुर प्रयोग गर्नुपर्छ भन्ने सुझावलाई मध्येनजर गर्दै आगामी दिनहरुमा हरसम्भव प्रयास गर्दै अघि बढ्नेछौं ।
- Spread Rate बढाउन बैंक सधै सकारात्मक नै छ, Spread rate लाई बजारको अवस्था हेरेर बैंकले विचार गर्ने नै छ ।
- हामीले नियामक निकायको निर्देशनको अधिनमा रही संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गरेका छौं । आगामी दिनहरुमा समेत नियामकको मार्गदर्शन एवं यहाँहरुको सुझाव बमोजिम कार्य गर्दै जानेछौं ।
- कर्मचारी साथीहरुको दक्षता अभिवृद्धि गरी उत्पादकत्व वृद्धिगर्ने तर्फ निश्चित रूपले लागिरहेका छौं र यहाँले दिनुभएको सुझावलाई मध्यनजर गर्दै हाम्रा कर्मचारीहरुको दक्षता अभिवृद्धिमा अझ जोड दिने नै छौं ।
- बैंकले सञ्चालन तथा व्यवस्थापनका सम्पूर्ण पक्षहरूमा संस्थागत सुशासनका उत्कृष्ट अभ्यास, मान्यता तथा प्रक्रियाहरूलाई उच्च प्राथमिकताका साथ अवलम्बन गर्दै आएको छ । नियामक निकायहरूबाट जारी नीति, नियम, निर्देशन तथा मार्गदर्शनहरूको पूर्ण पालना गर्दै निरन्तर निगरानी, समीक्षा र सुधारका माध्यमबाट संस्थागत सुशासनका उच्चतम मापदण्डहरू कार्यान्वयन गरिरहेका छौं । बैंकका सम्पूर्ण गतिविधि तथा कार्यसम्पादनहरू प्रचलित कानून, नियामक व्यवस्था तथा आन्तरिक नीति-नियमको परिधिभित्र रही पारदर्शी, उत्तरदायी, नैतिक र व्यावसायिक ढंगले सञ्चालन हुँदै आएका छन्, जसले बैंकलाई एक विश्वसनीय, जिम्मेवार तथा सुशासित वित्तीय संस्थाका रूपमा स्थापित गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ । साथै, बैंकले सदैव शेयरधनीहरूको हितलाई सर्वोपरि राखी कार्य गर्दै आएको छ र भविष्यमा पनि शेयरधनीहरूको हितलाई सर्वोपरि राख्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।
- ऋणीका गुनासाहरुको आत्मासात एवं सम्बोधन गर्दै तथा निक्षेपकर्ताको हक हित सुरक्षण गर्दै, ग्राहकमुखी बैकिङ्ग सेवा सुविधा प्रदान गर्दै सबैसँग हातेमालो गर्दै हामी मिलेर अगाडि बढ्ने छौं । यहाँहरुको चाहाना र अपेक्षा अनुरुप सबल, सफल, ग्राहकमैत्री र उच्च लाभांश दिन सक्ने बैंक बन्नको लागि हामी सम्पूर्ण बैंक परिवार कटिबद्ध रहेको आश्वासन दिलाउन चाहान्छौं ।



SiddharthaBank

- शेयरधनी, नियामक निकायले दिनु भएका मार्गदर्शन, सल्लाह, सुझावको कारण बैंक यहाँ सम्म आइपुगेको छ । साधारण सभामा उपस्थित भई बैंकको सुधार एवं सुदृढीकरणका लागि दिनु भएका सुझावहरुको बैंकले हार्दिकताका साथ मनन गरेको छ र यथासम्भव कार्यान्वयन पनि गर्दै आइरहेको छ । यस बैंक सुदृढ, सबल र सक्षम बैंकको रुपमा स्थापित हुन यहाँहरुले दिनु भएको सल्लाह, सुझावको लागि फेरी पनि धन्यवाद ।

१२. <u>सभाको निर्णयहरु:</u>

छलफलमा उठेका सवालहरु उपर सभाको अध्यक्षता गरिरहनु भएका बैंक सञ्चालक समितिका अध्यक्षज्यू तथा बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूको जवाफ पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले निर्धारित सामान्य तथा विशेष प्रस्तावहरु सभाको निर्णयार्थ क्रमशः पेश गर्नु भयो । उक्त प्रस्तावहरु देहाय अनुसार पारित भएका छन् ।

(क) **सामान्य प्रस्ताव**

१. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा यस सिद्धार्थ बैंक लि. को आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको पच्चीसौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गऱ्यो ।

२. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा बैंकको आ.व. २०८२/८३ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०८२ श्रावण १ देखि २०८३ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गरियोस् भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ सम्बन्धमा यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लिमिटेड." को आ.व. २०८२/८३ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) स्वीकृत गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गऱ्यो ।

४. सामान्य प्रस्तावअन्तर्गत विषयसूची नं. ४ सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा १११, १६५ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६१ र ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिले आर्थिक वर्ष २०८३/८४ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने प्रयोजनार्थ बैंकमा प्राप्त प्रस्तावहरूको बैंकको लेखापरीक्षण नीति, २०८१ बमोजिम विभिन्न प्राविधिक तथा वित्तीय पक्षहरूको विस्तृत अध्ययन, छलफल तथा मूल्याङ्कन पश्चात् उच्चतम अंक प्राप्त गर्ने तीन वटा लेखापरीक्षण फर्महरूलाई प्राप्ताङ्कको योग्यताक्रम अनुसार क्रमशः B.K. Agrawal & Co., Deoki Bijay & Co. र M.K. SAH & Associates मध्येबाट बाह्य लेखापरीक्षक नियुक्तिका लागि सञ्चालक समितिसमक्ष सिफारिस गरिएको थियो ।

उक्त मूल्याङ्कनमा सर्वाधिक अङ्क प्राप्त गर्ने B.K. Agrawal & Co. लाई पहिलो प्राथमिकतामा राखी लेखापरीक्षण समितिले सञ्चालक समितिसमक्ष सिफारिस गरेको र सञ्चालक समितिले समेत लेखापरीक्षण समितिको उक्त सिफारिसलाई अनुमोदन गर्दै उच्चतम अङ्क प्राप्त गर्ने फर्महरूको योग्यताक्रम अनुसार बाह्य लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव यस साधारण सभासमक्ष सिफारिस गरेको एवं सर्वाधिक अङ्क प्राप्त गरी पहिलो प्राथमिकतामा सिफारिस भएको B.K. Agrawal & Co. ले लेखापरीक्षण शुल्क तथा पारिश्रमिक स्वरुप रु. २७,५०,०००।- (अक्षरेपी सत्ताइस लाख पचास हजार रुपैंया मात्र), मूल्य अभिवृद्धि कर (VAT) बाहेक माग गरेको जानकारी गराउँदै आर्थिक वर्ष २०८३/८४ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्न सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले बैंकको लेखापरीक्षण समिति तथा सञ्चालक समितिबाट बैंकको लेखापरीक्षण नीति, २०८१ बमोजिम गरिएको प्राविधिक तथा वित्तीय मूल्याङ्कनका आधारमा



SiddharthaBank

सर्वाधिक अङ्क प्राप्त गरी पहिलो प्राथमिकतामा सिफारिस भएको B.K. Agrawal & Co. लाई कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको आर्थिक वर्ष २०८३/८४ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निज लेखापरीक्षकबाट Statutory Audit, Tax Audit, Long Form Audit Report तयारी, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन प्रमाणीकरण, सूचीकृत संगठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन बमोजिमको संस्थागत सुशासनसम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणीकरण लगायत प्रचलित ऐन, कानून, नियम, निर्देशिका तथा नियामकीय व्यवस्थाबमोजिम बाह्य लेखापरीक्षकले सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्यका लागि एकमुष्ट रु. २७,५०,०००।- (अक्षरेपी सत्ताइस लाख पचास हजार रुपैंया मात्र), मूल्य अभिवृद्धि कर ( VAT) बाहेक, लेखापरीक्षण शुल्क तथा पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

५. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ सम्बन्धमा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको अविमोच्य असञ्चिति अग्राधिकार शेयरधनीहरुलाई बैंकको अग्राधिकार शेयरतर्फको चुक्ता पूँजी रु. ३,५०,००,००,०००/- ( अक्षरेपी तीन अर्ब पचास करोड मात्र) को ८.२५ प्रतिशतका दरले हुने रकम रु. १०,७५,८९,०४१/- (अक्षरेपी दश करोड पचहत्तर लाख उनान्नब्बे हजार एकचालिस रुपैंया मात्र) नगद लाभांश (कर प्रयोजनका लागि समेत) शेयर बाँडफाँड भएको मिति देखि आषाढ मसान्त, २०८३ सम्मको लागि समानुपातिक रुपमा (१३६ दिनको) वितरणगर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

६. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ६ सम्बन्धमा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ आषाढ मसान्तमा कायम रहेको वितरणयोग्य मुनाफाबाट साधारण शेयरधनीहरुलाई बैंकको साधारण शेयरतर्फको चुक्ता पूँजी रु. १४,७९,४४,७९,१९५/- (अक्षरेपी चौध अर्ब उनानअसी करोड चौवालीस लाख उनानअसी हजार एक सय पन्चानब्बे रुपैंया मात्र) को १० प्रतिशतका दरले हुने १,४७,९४,४७,९२०/- (एक अर्ब सड्चालिस करोड चौरानब्बे लाख सड्चालिस हजार नौ सय बिस रुपैंया मात्र) नगद लाभांश (बोनस शेयर र नगद लाभांशको कर प्रयोजनका लागि समेत) वितरण गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(ख) विशेष प्रस्ताव**

१. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट मिति २०८२/१०/२८ मा प्राप्त निर्देशन बमोजिम गत वर्ष बैंकको जारी तथा चुक्ता पूँजीमा हेरफेर गर्ने गरी प्रबन्धपत्रमा भएको संशोधन सम्बन्धी व्यहोरा अनुमोदन गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको साधारण शेयरधनीहरुलाई पूँजी समायोजन कोषमा रहेको रकमबाट साधारण शेयरतर्फको चुक्ता पूँजी रु. १४,७९,४४,७९,१९५/- ( अक्षरेपी चौध अर्ब उनानअसी करोड चौवालीस लाख उनानअसी हजार एक सय पन्चानब्बे रुपैंया मात्र) को १० प्रतिशतका दरले हुने रु. १,४७,९४,४७,९२०/- (एक अर्ब सड्चालिस करोड चौरानब्बे लाख सड्चालिस हजार नौ सय बिस रुपैंया मात्र) बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको देहाय बमोजिम प्रबन्धपत्रमा संशोधन/थप/परिमार्जन गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।



SiddharthaBank

| दफा उपदफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन तथा थप गर्नु पर्नाको कारण |
|---|---|---|---|
| ५(१)ख | बैंकको जारी पूँजी रु. १८,२९,४४,७९,१९५/- (अक्षरेपी अठार अर्ब उनान्तीस करोड चौवालीस लाख उनानअसी हजार एक सय पन्चानब्बे रुपैँया मात्र) हुनेछ । जसलाई रु. १००/- (अक्षरेपी एक सय रुपैँया मात्र) का दरले १४,७९,४४,७९१.९५ साधारण शेयर र ३,५०,००,००० अग्राधिकार शेयरमा विभाजन गरिएको छ । | बैंकको जारी पूँजी रु. १९,७७,३९,२७,११५/- (अक्षरेपी उन्नाइस अर्ब सतहत्तर करोड उनान्चालिस लाख सत्ताइस हजार एक सय पन्ध्र रुपैँया मात्र) हुनेछ । जसलाई रु. १००/- (अक्षरेपी एक सय रुपैँया मात्र) का दरले १६,२७,३९,२७१.१५/- साधारण शेयर र ३,५०,००,००० अविमोच्य असंचिति अग्राधिकार शेयरमा विभाजन गरिएको छ । | बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु. १८,२९,४४,७९,१९५/- ( अक्षरेपी अठार अर्ब उनान्तीस करोड चौवालीस लाख उनानअसी हजार एक सय पन्चानब्बे रुपैँया मात्र) रहेको र आ.व. २०८२/८३ को पूँजी समायोजन कोषबाट बैंकका साधारण शेयरधनीलाई १० प्रतिशतका दरले बोनश शेयर वितरण गर्ने प्रस्ताव पेश भएकाले र अग्राधिकार शेयरको प्रकृति स्पष्ट हुनेगरी भाषा मिलाउनु उपयुक्त देखिएकोले । |
| ५(१)ग | बैंकको चुक्ता पूँजी रु. १८,२९,४४,७९,१९५/- (अक्षरेपी अठार अर्ब उनान्तीस करोड चौवालीस लाख उनानअसी हजार एक सय पन्चानब्बे रुपैँया मात्र) हुनेछ । जसलाई रु. १००/- (अक्षरेपी एक सय रुपैँया मात्र) का दरले १४,७९,४४,७९१.९५ साधारण शेयर र ३,५०,००,००० अग्राधिकार शेयरमा विभाजन गरिएको छ । | बैंकको चुक्ता पूँजी रु. १९,७७,३९,२७,११५/- (अक्षरेपी उन्नाइस अर्ब सतहत्तर करोड उनान्चालिस लाख सत्ताइस हजार एक सय पन्ध्र रुपैँया मात्र) हुनेछ । जसलाई रु. १००/- (अक्षरेपी एक सय रुपैँया मात्र) का दरले १६,२७,३९,२७१.१५/- साधारण शेयर र ३,५०,००,००० अविमोच्य असंचिति अग्राधिकार शेयरमा विभाजन गरिएको छ । | |

४. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ बमोजिम माथि प्रस्ताव गरिए बमोजिम प्रबन्धपत्र र नियमावलीमा संशोधन लगायत सोसँग सम्बन्धित कार्यहरु स्वीकृती र अभिलेखका क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतमा संशोधन/फेरबदल गर्न निर्देशन सुझाव प्राप्त भएमा सोही बमोजिम थपघट, परिमार्जन, संशोधन, भाषागत लगायतका अन्य सुधार समेत गर्नका लागि सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

५. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ बमोजिम बैंकले आ.व. २०८२/८३ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न संघसंस्थाहरुलाई सहयोग स्वरुप प्रदान गरिएका रु. एक लाख भन्दा माथिको आर्थिक सहयोग रकम उपलब्ध गराउने सञ्चालक समिति एवं व्यवस्थापनको निर्णयलाई कम्पनी ऐन २०६३ को दफा १०५ (१) ( ग) बमोजिम अनुमोदन गर्ने सम्बन्धी विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

(ग) **विविध** - विविध एजेण्डा अन्तर्गत कुनै विषय नभएको ।



SiddharthaBank

१३. <u>सभा विसर्जन:</u>

अध्यक्षज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्नुभयो ।

उच्च उत्साह एवं उमंगका साथ लामो समय सम्म धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा सहभागी भई यस साधारण सभालाई सफलतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भयो । आदरणीय शेयरधनी महानुभावहरुबाट निरन्तर सुझाव एवं सहयोगको अपेक्षा गर्दै प्राप्त सुझाव कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

अन्त्यमा, बैंकको उन्नति र प्रगतिको सहयात्रामा साथ दिनुहुने सम्पूर्ण ग्राहक महानुभावहरु, शेयरधनी महानुभावहरु, संस्थापकहरु, संस्थापक एवं निवर्तमान अध्यक्ष, पूर्व सञ्चालकहरु, विद्यमान सञ्चालक, नेपाल सरकार, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नियमनकारी निकायहरु श्री नेपाल राष्ट्र बैंक, श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, बाह्य लेखापरीक्षक एवं आर्मी अफिसर्स क्लब परिवाप्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै, बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाभावको प्रशंसा गर्दै साथै, बैंक र सञ्चालक समितिलाई आउँदा वर्षहरुमा समेत सबै सरोकारवालाहरुबाट निरन्तर रुपमा सहयोग प्राप्त भैरहने अपेक्षा राख्दै पच्चीसौं वार्षिक साधारण सभाको कार्यक्रम अपरान्ह ११:३० बजे सभा विसर्जन गर्नु भयो ।

धन्यवाद ।

.....
लक्ष्मण घिमिरे
(कम्पनी सचिव)

Siddhartha Bank

.....
राहुल अग्रवाल
(अध्यक्ष)